IME GENERAL INSURANCE

IME General Insurance Limited
Narayan Chaur, Naxal, Kathmandu
+977 1 4511510, Toll Free No.: 16600179353
4511736 (Fax)
info@iginepal.com
www.iginepal.com

आइजीआई ००७९-०७८/०७९

मिति: २०७८/१२/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय: बार्षिक साधारण सभा बस्ने बारेको सूचना सम्बन्धमा ।**

महाशय ,

उपरोक्त विषयमा कम्पनीको मिति २०७८/१२/१६ गतेको संचालक समितिको ११३औं बैंठकको निर्णयानुसार कम्पनीको २४औं बार्षिक साधारण सभा मिति २०७९ साल बैशाख ९ गते शुक्रबारका दिन विहान १०:०० बजे लैनचौर बैङक्वेट्स, काठमाडौंमा बस्ने व्यहोरा जानकारी गराउदछौ । उक्त सभा बस्ने बारेको सूचना मिति २०७८ साल चैत्र १७ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दै सो सूचनाको छाँया प्रति तहांको जानकारीको लागि यसै पत्र साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

सधन्यवाद

भवदीय,

..................
उमा जोशी
कम्पनी सचिव

आइएमई जनरल इन्स्योरेन्स लि. काठमाडौं

IGI

# आइएमई जनरल इन्स्योरेन्स लि.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं ।
फोन नम्बर: ४५११५१०, ४५११५२०, ४५२५५०८, ४५२५५०९, ४५११७३५
Email: info@iginepal.com | Website: www.iginepal.com

## २४औं वार्षिक साधारण सभा बस्ने सूचना !

**श्री शेयरधनी महानुभावहरु,**
यस आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको संचालक समितिको मिति २०७८ चैत्र १६ गते बुधबार बसेको ११३ औं बैठकको निर्णयानुसार कम्पनीको २४औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०७९ बैशाख ९ गते शुक्रबार (तदअनुसार २२ अप्रिल., २०२२)
**समय :** बिहान १०:०० बजे
**स्थान :** लैनचौर बैङ्क्वेट्स, लैनचौर, काठमाडौं ।

**साधारण सभामा छलफलका बिषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने कम्पनीको आ.ब. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) आ.ब. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.ब.२०७८/०७९ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस वमोजिम लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) संचालक समितिबाट प्रस्ताव गरे वमोजिमको आ.ब. २०७७।०७८ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ रू.४२,६४,७९०.५०।- (अक्षरेपी बयालिस लाख चौसठी हजार सात सय नब्बे रूपैया र पचास पैसा मात्र) नगद लाभांश स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु:**

(१) कम्पनीको अधिकृत पूंजी वृद्धिगरी रु. २ अरब ५० करोड पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।
(२) संचालक समितिबाट प्रस्ताव गरे वमोजिम आ.ब. २०७७।०७८ को मुनाफाबाट कम्पनीको हालको चुक्ता पूंजी रु.१,१५,७५,८६,०००।- (अक्षरेपी एक अरब पन्ध्र करोड पचहत्तर लाख छयासी हजार रूपैया मात्र) को ७ (सात) प्रतिशतका दरले हुन आउने रू.८,१०,३१,०२०।- (अक्षरेपी आठ करोड दश लाख एकतीस हजार बीस रुपैया मात्र) बरावरको वोनस शेयर जारी गर्ने । वोनस शेयर जारी गर्दा कम्पनीको साधारण सभाको लागि शेयरधनी किताब बन्द मितिसम्म कायम शेयरधनीहरु मात्र बोनस शेयरको लागि योग्य रहने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजना गर्ने गरी यथावत राख्ने ।
(३) यस सभामा प्रस्तावित ७ प्रतिशत बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापूंजी बृद्धि गरी सो बमोजिम कम्पनीको प्रबन्धपत्र तथा विनियमावली को सम्वद्ध दफहरुमा संशोधन गर्ने ।
(४) संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(५) विविध ।

**द्रष्टव्य:**

(१) मिति २०७८।१२।२५ देखि २०७९।०१।०९ सम्म यस कम्पनीको शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । नामसारी सम्बन्धि कागजात शेयर दाखिल खारेज बन्द भएको मितिले तीन कार्यदिन अर्थात २०७८।१२।२९ गते भित्र आवश्यक कागजात पेश गरी शेयर रजिष्ट्रार ग्लोवल आइएई क्यापिटल लिमिटेड, लक्ष्मण बावु भवन, नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।
(२) साधारण सभामा भागमा लिन आउदा शेयरधनी महानुभावहरुले प्रवेश पत्र वा परिचय खुल्ने प्रमाण कागज अनिवार्य रुपमा लिएर आउनु हुन अनुरोध गरिन्छ ।
(३) उपस्थित पुस्तिका सभा हुने दिन बिहान ९ बजे देखि सभा विसर्जन नहुन्जेलसम्म खुल्ला रहने छ ।
(४) सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन,२०६३ वमोजिम हुनेछ ।
(५) सभा सम्बन्धि अन्य केही बुझ्नु परेमा कम्पनीको प्रधान कार्यालय नारायणचौर, नक्शाल, काठमाडौंमा कम्पनी सचिवसँग कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी :**

१. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश-पत्र वा नागरिकताको प्रमाण-पत्र वा शेयर प्रमाण-पत्र लिई आउनु हुन अनुरोध गरिन्छ ।
२. नाबालक शेयरवालाहरूको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
३. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरवालाहरूको हकमा शेयरवालाहरूको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरवालाहरूको सर्वसम्मतिबाट आफूहरू मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन,छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न,मत दिन सक्नेछन् ।
४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरवाला महानुभावले कम्पनीको अर्को शेयरवालालाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्शाल, काठमाण्डौंमा बुझाइ सक्नुपर्नेछ। प्रोक्सी फारम यस कम्पनीको Website बाट पनि Download गर्न सकिने छ ।
५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सो को सूचना सभा शुरू हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (४) मा लेखिए बमोजिम हुनेछ ।
६. एकै शेयरवालाले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबैभन्दा पहिले प्राप्त भएको हो माथि (५) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरवाला आफै उपस्थित हुन आएमा शेयरवालाले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।
७. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ३ दिन अगावै कम्पनीलाई लिखित जानकारी दिनु पर्नेछ । यस कम्पनीसंग सम्बन्धित भए नभएको औचित्य हेरी छलफलको निम्ति समावेश गरिनेछ भने पूर्व जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।
८. सभा हुने दिन सुरक्षाको दृष्टिले सभा स्थलमा अनावश्यक वस्तु, झोला तथा व्याग नल्याइदिनुहुन अनुरोध गरिन्छ, अन्यथा सुरक्षाकर्मीले जाँच गर्न सक्नेछ ।
९. थप जानकारीको लागि आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको केन्द्रीय कार्यालय नारायणचौर, नक्शाल, काठमाण्डौ को फोन नं.४५१११५१०, ४५१११५२०, ४४१११७३५ मा कार्यालय समयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**मिति २०७८/१२/१७ गतेको आर्थिक कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित**